## महिला सरकारी वकीलहरुको प्रथम राष्ट्रिय सम्मेलन, २०८२

### सम्मेलनमा सहभागीहरुले पालना गर्नुपर्ने नियमहरु

१.सम्मेलनको दिन सहभागीहरु तोकिएको समय र स्थानमा उपस्थित भई रजिष्ट्रेसन, नाम दर्ता गर्ने।

२.सम्मेलन स्थलमा अनुशासित तवरले कार्यक्रम र सत्रहरुमा सक्रिय सहभागिता जनाउने।

३.सहभागीहरु आ-आफ्नो तोकिएको स्थानमा मर्यादापूर्वक बस्ने।

४.सम्मेलनमा सहभागी हुने सरकारी वकीलले निजामती पोशाक र अन्य सहभागीहरुले औपचारिक पोशाक लगाउने।

५.सम्मेलन सञ्चालन भईरहेको समयमा मोबाइल फोन साईलेन्स मोडमा राख्ने तथा मोबाईल नचलाउने।

६.उद्घाटन र समापन समारोहमा तस्विर खिच्न तोकिएका व्यक्ति बाहेक अरु सहभागीहरु सो कार्यमा संलग्न नहुने र कार्यक्रमलाई असहज तथा असर गर्ने गरी जथाभावी तस्विर नखिच्ने।

७.अनावश्यक रुपमा कार्यक्रम स्थल भित्र-बाहिर नगर्ने, वीचमा सत्र छोडेर नहिँड्ने, तत्काल केही समस्या परेमा सम्मेलन तयारी समूह तथा उपसमूह मार्फत शान्तिपूर्ण समाधान निकाल्ने।

८.कार्यक्रममा प्रस्तुत गरिएका कार्यपत्र उपर आफ्नो विचार निर्धारित समयभित्र बुँदागत रुपमा नदोहोरिने गरि राख्ने।

९.सहभागीहरुले छलफलमा भाग लिंदा समय व्यवस्थापनमा ध्यान दिई छलफललाई सम्मेलनको उद्धेश्य प्रासिको दिशातर्फ केन्द्रित गर्ने।

१०.सम्मेलनको खाजा/खाना/चिया समयमा अतिथिहरुलाई प्राथमिकता दिई पालोमा बसि ग्रहण गर्ने।

११.प्रयोग गरिएका पानीको बोतल,कप,प्लेट आदि निर्धारित स्थानमा राख्ने।

१२.आचरणका नियमहरुको पालना गर्दै सम्मेलनलाई सफल बनाउन रचनात्मक सहयोग पुऱ्याउने।

१३.सहभागीहरुलाई उपलब्ध गराईने प्रतिक्रिया तथा मूल्याङ्कन फारम समयमै भरि सर्वेक्षण तथा प्रतिक्रिया संकलन उपसमूहलाई उपलब्ध गराउने।